वर्ष १९ । अंक २०८ । काठमाडौं । आइतवार, ३० वैशाख २०८१ । Sunday, 12 May 2024 । पृष्ठ ८+४ । मूल्य रू. १०

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# आ.व. २०८०/०८१ को तेश्रो त्रैमासिक प्रतिवेदन

## दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड

ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर-११, काठमाडौं
फोन: ०१-५३३२७४९

### १) वित्तीय विवरण :

क) आ.व. २०८०/०८१ को तेश्रो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण ।

**वित्तीय अवस्थाको विवरण**

(रकम रु. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | चैत्र मसान्त २०८० सम्ममा | पुष मसान्त २०८० सम्ममा | चैत्र मसान्त २०७९ सम्ममा |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | २,९५७,४६३,४३१.७९ | २,९६१,९०७,९९०.२६ | २,८८५,६२९,२२८.८६ |
| पूँजीगत कार्य प्रगति | १११,५८६,६१६.४० | १०३,६७४,४४०.८५ | ९३,७८६,९०६.२७ |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **३,०६९,०५०,०४८.२०** | **३,०६५,५८२,४३१.११** | **२,९७९,४१६,१३५.१३** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | १४,४८०,६११.७९ | ३३,१९२,८४६.०० | ७१,५८६,४७६.२९ |
| आसामीहरु | १६७,६५५,२१५.६३ | १७७,००३,२३४.०० | ६८,०९६,४९४.८७ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | ३२,१९९,३१४.९५ | ३७,३५९,४७०.३८ | १५७,९३८,८६२.१७ |
| **जम्मा चालु सम्पत्ति** | **२१४,३३५,१४२.३७** | **२४७,५५५,५५०.३८** | **२९७,६२१,८३३.३३** |
| **जम्मा सम्पत्ति** | **३,२८३,३८५,१९०.५७** | **३,३१३,१३७,९८१.४९** | **३,२७७,०३७,९६८.४६** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूँजी | १,०५४,२६०,४००.०० | १,०५४,२६०,४००.०० | १,०५४,२६०,४००.०० |
| जगेडा कोष र संचित नाफा | २,७५०,८३५.७९ | ३२,२२७,३४७.४० | ३३,८८४,७९१.८७ |
| **जम्मा पूँजी तथा जगेडा कोष** | **१,०५७,०११,२३५.७९** | **१,०८६,४८७,७४७.४०** | **१,०८८,१४५,१९१.८७** |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | १,७७३,३३०,१०६.२६ | १,७७३,४२४,०४६.५१ | १,६६३,४६२,२०४.२८ |
| **जम्मा गैह्र चालु दायित्व** | **१,७७३,३३०,१०६.२६** | **१,७७३,४२४,०४६.५१** | **१,६६३,४६२,२०४.२८** |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | ४४२,९४५,५६४.२१ | ४२२,५९४,६६९.१७ | ४३०,६७५,६०३.१६ |
| अल्पकालीन बैंक ऋण | ९,९९८,१७२.७५ | २९,९९९,९९९.५७ | ९४,३३३,४५७.६८ |
| अन्य व्यवस्थाहरु | १००,१११.५५ | ६३१,५१८.८४ | ४२१,५११.४७ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरु** | **४५३,०४३,८४८.५१** | **४५३,२२६,१८७.५८** | **५२५,४३०,५७२.३१** |
| **जम्मा पूँजी तथा दायित्व** | **३,२८३,३८५,१९०.५७** | **३,३१३,१३७,९८१.४९** | **३,२७७,०३७,९६८.४६** |

**आय विवरण**

(रकम रु. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | चैत्र मसान्त २०८० सम्ममा | पुष मसान्त २०८० सम्ममा | चैत्र मसान्त २०७९ सम्ममा |
| **कुल आम्दानी** | २५३,६९३,८२५.९९ | १९४,५०३,८५६.९० | १४६,९८७,९५७.७२ |
| विद्युत उत्पादन खर्च | (२३,६०७,३६९.९२) | (१५,७७३,९७५.५८) | (१४,२०२,२६२.४४) |
| प्रशासनिक खर्च | (१३,८७१,३६२.५६) | (९,९९३,६१७.२६) | (११,६४६,०२५.०२) |
| ह्रास खर्च | (२२,५६७,०१७.७९) | (१५,०३२,९०३.०१) | (१५,७४३,१००.५३) |
| वित्तीय लागत | (१८८,२८७,७१७.४७) | (१२१,८६६,४९१.२०) | (९०,००९,६१८.५८) |
| **खुद नाफा/(नोक्सान)** | **५,३६०,३५८.२५** | **३१,८३६,८६९.८५** | **१५,३८६,९५१.१५** |

नोट:

माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिने छ ।

लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण निम्नाअनुसार छन् :**

| अवधी | प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण) | प्रतिशेयर नेटवर्थ रु. | तरलता अनुपात | प्रतिशेयर कुल सम्पतीको मूल्य रु. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्य सम्ममा | ०.६८ | १००.२६ | ०.४७ | ३११.४४ | ६४३.१३ |

२) व्यवस्थापकीय विश्लेषण :

**२) व्यवसायिक विश्लेषण** :

**क) त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**

यस कम्पनीले लमजुङ जिल्लाको दोर्दी गाउँपालिकामा १२ मेगावाट क्षमताको दोर्दी १ जलविद्युत आयोजनाको निमार्ण सम्पन्न गरी २०७९ असोज १७ गते देखि विद्युतको व्यापारिक उत्पादन गर्दै आई रहेको छ । हाल २०८० चैत्र मसान्त सम्मको बिल रकम सहित रू १६,७६,५५,२१५.६३ (अक्षरमा: सोह्र करोड छ्यत्तर लाख पचपन्न हजार दुई सय पन्ध्र रूपैया त्रिरसठी पैसा मात्र) आसामी बापतको रकम नेपाल विद्युत प्राधिकरणको नाममा रहेको छ । जस मध्ये Non Dispatch Energy को दाबी वापत प्राप्त गर्नुपर्ने रकम रू. १२,४४,७९,३००.३२ (अक्षरमा: बाह्र करोड चौवालीस लाख उन्नासी हजार तीन सय रूपैया बतिस पैसा मात्र) रहेको छ र कम्पनीले उक्त रकम विद्युत खरिद बिक्री सम्झौता अनुसार बिलीङ्ग गरेको छ र उक्त रकम नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा) र कम्पनी बीच हिसाब मिलान हुन बाँकी रहेकोले सो रकम घटवढ हुन सक्ने छ ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**

कम्पनीले दीर्घकालीन ऋण चुक्ता गर्न १:१ हकप्रद शेयर जारीको लागी विद्युत नियमन आयोगको सहमती पछी आ.व. २०७९/०८० को वार्षिक साधारण सभाबाट पारित भइसकेको जानकारी गराईन्छ । सो हकप्रद शेयर जारी गर्न अनुमतिको लागि विद्युत नियमन आयोगमा आवश्यक कागजातहरू पेश गरिएको छ । साथै, यस कम्पनीले थप दुई आयोजनाहरू सुपर इङ्खु खोला जलविद्युत आयोजना (२४.४१ मे.वा) र म्याग्दी खोला (ए) जलविद्युत आयोजना (३० मे.वा) को प्रारम्भिक अध्ययन गरिरहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:**

यस कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था हाल सम्म देखिएको छैन । तर, मानवीय नियन्त्रण भन्दा बाहिरको दैवीक प्रकोप (काबु बाहिर स्थिति) को असर भने सदा रहिरहने छ ।

**३) कानुनी कारबाही सम्बन्धी विवरण** : यस त्रैमासिकमा कम्पनीले कसै विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र संचालक विरूद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

**४) कम्पनीको शेयर कारोबार सम्बन्धि विश्लेषण:**

**क) धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार:**

| अधिकतम मूल्य रू | न्यूनतम मूल्य रू. | अन्तिम मूल्य रू. | कारोबार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| ५७६.०० | ३५३.०० | ४३६.०० | ५८.०० | २७,८५७.०० |

**ख) धितोपत्र बजारमा भएको संगठित कम्पनीको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**

यस कम्पनीको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

**५) समस्या तथा चुनौती** :

कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौतीहरू बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था सरह नै छन् । अन्य समस्या र चुनौती समाधानका उपायहरू बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ । साथै नदीमा प्रशस्त पानी भएता पनी नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) ले जडित क्षमता भन्दा कम विद्युत उत्पादन गर्न निर्देशन दिएकोले आयोजनाले १२ मे.वा. भन्दा कम विद्युत उत्पादन गर्न कम्पनी बाध्य भएको छ र यसरी भएको आर्थिक क्षती वापतको रकम मासिक बिल बाट दाबी गरी भुक्तानीका लागी कम्पनीले ने.वि.प्रा. मा सम्पूर्ण कागजातहरू पेश गरेतापनी सो को समेत भुक्तानि भएको छैन ।

**६) संस्थागत सुशासन** :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

**७) सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तर दायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।